पचालझरना गाउँपालिका
स्थानीय राजपत्र

पचालझरना गाउँपालिकाद्वारा प्रकाशित

पचालझरना राजपत्र   मितिः २०८३।०५।०८

खण्डः- १० संख्याः- ०३ भागः- २

पचालझरना गाउँपालिका "गाउँपालिका कृर्षि सञ्जाल तथा सञ्चालन कार्यविधि, २०८३"

गाउँपालिकाबाट स्वीकृत मितिः २०८३।०५।०८

इन्टरनेसनल नेपाल फेलोसिप (INF) को प्राविधिक सहायता तथा पचालझरना गाउँपालिकाको सहकार्यमा **"गाउँपालिका कृर्षि सञ्जाल तथा सञ्चालन कार्यविधि, २०८३"** पारित गरी सर्वसाधारणको जानकारीका लागि यो कार्यविधि प्रकाशित गरिएको छ।

पृष्ठभूमी :

गाउँपालिका भित्र रहेका कृषि विकासमा संलग्न सरोकारवाला निकायहरुले संयोजन मार्फत यस गाउँको वास्तविक कृषिका सम्भावना तथा चुनौतीहरु विश्लेसन गर्न सहज हुन्छ । गाउँपालिका भित्र सीमित साधन स्रोत, सूचना, प्राविधिक जनशक्ति आदिबाट कृषि विकासमा प्रर्याप्त टेवा पुग्ने सम्भावना न्यून रहेको छ । यस अवस्थामा हामीले कृषि क्षेत्रसंग आबद्ध निकायहरुको संलग्नता र सहभागीतामा सूचना प्रवाह,जनचेतना, तथ्याङ्क संकलन, कार्यक्रम माग , योजना छनौट कार्यक्रम सञ्चालन बजारीकरण तथा अनुगमनमा सहजिकरण गर्नुका साथै सिमित कृषि प्राविधिकको कार्यक्षमता बृद्धि गरी बढि भन्दा बढि सेवा प्रवाह तथा कृषकको माग सहि तरिकाले सम्बोधन गरेको हुनुपर्दछ । कृषिको वृहत तथा समावेशी विकासका लागि र यस गाउँपालिकाको बार्षिक कृषि नीतिमा उल्लेख भए

अनुरुप कृषि उद्यमी, कृषक समूह, कृषक सहकारी तथा अन्य सरोकारवाला संलग्न कृषि सञ्जाल मार्फत कृषि सूचना प्रवाह तथा प्रविधि प्रचार प्रसार गरी कार्यक्रम प्रभावकारी रुपले संचालन गर्न वान्छनीय भएकाले “कृषि सञ्जाल कार्यान्वयन कार्यविधि २०८३” स्वीकृत गरि लागु गरिएको छ ।

परिच्छेद-१

प्रारम्भिक :

१. संक्षिप्त नाम र प्रारम्भ :

क) यो कार्यविधिको नाम “कृषि सञ्जाल गठन तथा सञ्चालन कार्यविधि २०८३” रहेको छ ।

ग) यो कार्यविधि पचालझरना गाउँपालिकाको कार्यपालिका बैठकबाट निर्णय भए पश्चात पचालझरना गाउँपालिका क्षेत्र भर लागु हुनेछ ।

२. परिभाष : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) “गाउँपालिका” भन्नाले पचालझरना गाउँपालिका बुझ्नुपर्दछ ।

ख) “वडा सञ्जाल” भन्नाले वडा स्तरमा गठन भएको कृषि सञ्जाल बुझ्नुपर्दछ ।

ग) “गाउँ सञ्जाल” भन्नाले गाउँपालिका स्तरमा गठन भएको कृषि सञ्जाल बुझ्नुपर्दछ ।

घ) “सञ्जाल” भन्नाले कृषिमा आवद्ध सरोकारवाला संलग्न संस्था बुझ्नुपर्दछ ।

ङ) “विषयगत कृषि सञ्जाल” भन्नाले विशेष कृषि वाली बस्तुमा संलग्न रहेका कृषकहरुको सञ्जाल बुझ्नुपर्दछ ।

च) “सदस्य” भन्नाले कृषि सञ्जालका सदस्यलाई जनाउँदछ ।

छ) कृषि शाखा भन्नाले गाँउपालिकाको कृषि विकास शाखा लाई भनिन्छ ।

ज) पशु शाखा भन्नाले गाउँपालिकाको पशु विकाश शाखा लाई भनिन्छ ।

झ) “सरोकारवाला” भन्नाले कृषि उपज उत्पादक, कृषि समूह, कृषि सहकारी, कृषि सामाग्री वितरक, कृषि उपज विक्रेता, कृषिमा आबद्ध संघ संस्था आदि संलग्न टोली बुझ्नुपर्दछ ।

ज) “शाखा” भन्नाले गाँउपालिकाको कृषि विकास शाखा बुझ्नुपर्दछ ।

३. उद्देश्य :

यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ ।

१. गाउँपालिका भित्र कृषि विकासमा आवश्यक पर्ने कृषि कार्यक्रम माग संकलन गर्ने गाउँ क्षेत्र भित्र हुन सक्ने सम्भावित व्यवसायिक कृषि उत्पादन तथा आवश्यक कार्यक्रमको पहिचान गर्ने ।

२. गाउँपालिका बाट संचालित कृषि कार्यक्रम कार्यान्वयन गर्ने संचालित कार्यक्रमको अनुगमन गर्ने तथा पृष्ठपोषण दिने ।

३. गाउँपालिका लाई कृषि विकाससंग सम्बन्धीत नीति निर्माणमा सहयोग गर्ने ।

परिच्छेद-२
सञ्जाल साधारण सदस्यता तथा कार्य सञ्जाल गठन

४. सञ्जालको सदस्य :

सञ्जालमा आबद्ध हुनको लागि कृषि सञ्जालको सदस्यता लिनुपर्नेछ

सञ्जालको सदस्यता दुई प्रकारको हुनेछ ।

क) व्यक्ति सदस्य   ख) संस्था सदस्य

क) व्यक्ति सदस्यः वडा भित्र कृषि व्यवसाय गर्दै आएका कृषक, कृषि सामाग्री वितरक, बजारीकरणमा संलग्न व्यक्ति हुनुपर्दछ ।

ख) संस्था सदस्यः विधिवत संस्था दर्ता गरी संस्थागत रुपमा कृषि समूह/कृषि सहकारी/फर्म/कम्पनी मार्फत वडा भित्र कृषि व्यवसाय गर्दै आएको संस्था हुनुपर्दछ ।

५. सञ्जालको साधारण सदस्यको लागि निवेदन :

सञ्जालमा आबद्ध रहन चाहानेले अनुसूची (१) को ढाँचामा वडा स्तरीय कृषि सञ्जाल समक्ष निवेदन पेश गर्नुपर्नेछ।

६.वडा स्तरीय कृषि सञ्जाल सिफारीस :

१. वडा स्तरीय कृषि सञ्जालले निवेदन कृषकलाई सञ्जालको साधारण सदस्यको लागि वडा स्तरीय कृषि सञ्जालले निर्णय सहित सिफारीस गर्नेछ र कृषि विकास शाखाले सिफारीसको आधारमा अनुसूची (२) को ढाँचा अनुसार प्रमाण-पत्र उपलब्ध गराउने छ ।

२. दफा ४,५,७ मा जेसुकै लेखिएको भएतापनि नयाँ सञ्जाल गठन गर्दा बहुमतका आधारमा सदस्य चयन गरिनेछ।

७) प्रमाण-पत्र नविकरण र साधारण सदस्यता शुल्क :

प्रत्येक साधारण सदस्यले वडा स्तरीय कृषि सञ्जालको सदस्यता लिनुपर्नेछ र प्रत्येक दुई वर्षको शुरुमा साधारण सदस्यताको प्रमाण-पत्र नविकरण गराउनुका साथै सदस्यता शुल्क बुझाउनु पर्ने छ ।

संस्था सदस्य शुल्क वापत रु. २००। प्रति वर्ष

नविकरण संस्था सदस्य शुल्क वापत रु. १००। प्रति वर्ष

व्यक्ती सदस्य शुल्क वापत रु. १००। प्रति वर्ष

व्यक्ती सदस्य नविकरण रु ५० प्रति वर्ष

८) वडा स्तरीय कृषि सञ्जाल कार्यसमिति गठन :

गाउँपालिका को प्रत्येक वडामा भेग, वाली, कृषिका विभिन्न क्षेत्र समेटिने गरि वडा कार्यालयको सहयोगमा कृषि उपज उत्पादक, कृषि समूह, कृषि सहकारी, कृषि सामाग्री वितरक, कृषि उपज विक्रेता, कृषिमा आबद्ध संघ संस्था आदि लाई पत्रचार गरि भेला गराई आवश्यकता अनुसार कम्तिमा ७ र बढीमा ९ सदस्य सम्मको निम्नानुसारको

वडा स्तरीय कृषि सञ्जाल कार्य समिति गठन गरिनेछ । जस्मा ३३ प्रतिशत महिला सहभागीता अनिवार्य हुनेछ । मुख्य तीन पदहरुमा कम्तिमा १ जना महिला हुनुपर्नेछ ।

संयोजक –	१ जना
सह संयोजक –	१ जना
सचिव –	१ जना
सह सचिव –	१ जना
कोषध्यक्ष –	१ जना
सदस्य –	२ देखि ४ जना

सरक्षक वा सल्लाहकार समिति वडा अध्यक्ष वा अध्यक्षले सिफारीस गरेको वाड सदस्य र वडा क्षेत्र हेर्ने कृषि तथा पशु प्रविधिक हुनेछन् ।

९) वडा स्तरीय कृषि सञ्जाल कार्य समिति छनौट प्रकृया :

क. छनौट समितिः वडा कृषि सञ्जाल निम्नानुसारको तीन सदस्यले सहजीकरण गर्नेछ :

१. वडा अध्यक्ष

२. कृषि प्रविधिक तथा पशु सेवा प्राविधिक

३. वडा सचिव

ख. वडा कृषि भेलाको सूचना छनौट सञ्जालले न्यूनतम ७ दिन अगाडी वडा कृषि भेलाको सूचना गर्नेछ र भेलामा उपस्थित भएको साधारण सदस्यहरुबाट कृषि सञ्जाल कार्यसमिति चयन हुनेछ ।

१०) सञ्जालमा रहेर कार्य गर्न आवश्यक न्यूनतम योग्यता :

- कृषि सञ्जाल व्यक्तिगत सदस्यको लागि व्याक्तिगत निवेदन तथा संस्थागत सदस्यको अनि संस्थाको मंजुरीमा मात्र ।
- स्वमसेवाको भावना भई निश्वार्थ सेवा गर्न मन भएको ।
- १८ वर्ष उमेर पुरा भएको नेपाली नागरिक ।
- सम्बन्धीत क्षेत्रभित्र कम्तिमा दुई पाथि -एक रोपनी क्षेत्रमा कृषि उत्पादन गर्दै आएको कृषि सामाग्री विक्री वितरण भएको वा बजारीकरण गरेको वा कृषि तालिम प्राप्त व्यक्ति ।
- पशुपालन व्यवसाय तथा पशु जन्य उत्पादन गरेको ।
- कुनै पनि सरकारी निकायमा कार्यरत नभएको ।
- गाँउपालिका भित्र रहेका सार्वजानिक निकायलाई तिर्नुपर्ने कर वा महसुल बाँकी नरहेको ।
- वडा समितिले आवश्यक देखेमा निर्वाचित गाउँ सदस्य समिति कृषक भएको भए सञ्जालको संयोजक बन्न बाधा पर्नेछैन ।
- कार्य सञ्चालनमा रही सहयोग पुऱ्यउन चाहेमा सञ्जालका सदस्यले अनुसूची-३ अनुसारको सूचक पत्र भर्नुपर्नेछ ।

११) प्रमाण-पत्र उपलब्ध गराउने :

छनौट भएको कार्य सञ्जाल पदाधिकारीहरुलाई अनुसूची २ बमोजिमको प्रमाण-पत्र उपलब्ध गराईनेछ र वडा स्तरीय कृषि सञ्जाललाई प्रमाण-पत्र प्रदान गरिनेछ ।

१२) गाउँपालिका कृषि सन्जालका लागि सदस्य पठाउने :

वडा स्तरिय कृषि सन्जालको पहिलो बैठकले छनोट भएका पदाधिकारीहरु वा सदस्यहरु मध्ये बाट एक जना गा.पा. स्तरि कृषि सन्जालको लागि निर्णय गरि गाउँपालिका कृषि विकास शाखामा सिफारिस गरि पठाउने ।

१३) वडा कृषि सञ्जाल कार्यसमितिको काम, कर्तव्य र अधिकार :

- वडा स्तरमा रहेका कृषक, कृषक समूह, कृषक सहकारी, नीजि फर्म तथा अन्य सरोकारवाला संग समन्वय गरि वडा स्तरमा समग्र कृषि तथा पशु विकासको योजना तयारी गर्ने ।
- गाउँपालिका बाट कृषि तथा पशु संग सम्बन्धित कुनै कार्य तोकेमा जिम्मेवारी साथ कार्य सम्पन्न गर्ने ।
- वडा वासी कृषकहरुलाई प्राप्त सूचना प्रवाह गर्ने वडा कार्यालयबाट कृषि सञ्जालको व्यक्तिगत वा संस्थातग साधारण सदस्यता प्रमाण-पत्र उपलब्ध गराउन सहयोग गर्ने ।
- साधारण सदस्यको प्रमाण प्रत्र नविकरण गर्ने ।
- कृषि तथा पशु विकास कार्यक्रमको कार्यान्वयनमा अनुगमन, निरिक्षण तथा पृष्ठपोषण प्रदान गर्ने ।
- वडा स्तरको बाली बस्तुको विवरण अध्यावधि गर्ने ।
- गाउँपालिका स्तरीय कृषक सञ्जाललाई नीतिगत रुपमा सुझाव प्रदान गर्ने ।
- वडा स्तरमा कृषि बजार, संकलन केन्द्र, कस्टम हयारिंग केन्द्र आदि स्थापना, सञ्चालन तथा संरक्षण गर्ने ।
- वडा स्तरमा खाद्य सुरक्षाको विश्लेषण गर्ने ।
- गाउँपालिका कृषि संग सम्बन्धी कुनै कार्य तोकेमा जिम्मेवारी तथा कार्य सम्पन्न गर्ने ।
- वडाका कृषकहरुको मुख्य मुख्य माग संकलन गरि वडा समिति, कार्य पालिकाको समिति र कृषि तथा पशु सेवा शाखामा पेश गर्ने
- वडा भित्र कृषि उत्पादन तथा पशुपंछीमा प्राकृतिक प्रकोप, रोग, किरा वा अन्य कुनै कारण उत्पादनमा कुनै समस्या आएमा तुरुन्त गा.पा. स्तरिय कृषि सन्जाल र कृषि तथा पशु सेवा शाखामा जानकारी गराई समधानको उपाय गर्ने गराउने ।
- वडामा कुन कृषि तथा पशुपंछीहरु व्यवसायिक रुपमा उत्पादन गर्न सकिन्छ । गा.पा. कृषि सन्जाललाई सल्लाह दिने ।
- साधारण सदस्यता वापतको वार्षिक सदस्यता शुल्क संकलन गरि कोषमा जम्मा गर्ने ।
- वडा कृषि सन्जाल कार्यसमितिको बैंक खाता मार्फत कोष सन्चालन गर्ने र कोष लेखा परिक्षण गराउने
- वडा अध्यक्षबाट कोष खर्च कार्य विधि स्वीकृत गराई कोष व्यवस्थापन गर्ने ।
- वडा स्तरमा गाउँपालिका वा कुनै अनुमति प्राप्त संघ सस्थाको अनुरोधमा स्थानिय कृषकहरुको लागि कृषि प्रसार कार्यक्रम सन्चालन गर्ने ।

१४) गाउँपालिका स्तरीय कृषि सञ्जाल गठन :

क. गाउँपालिका स्तरिय कृषि संजालमा ९ जना सदस्य हुनेछन् । जसमा नगरपालिका भित्रका नौ वटै वडा स्तरि कृषि संजाल कार्य समितिबाट एक एक जना छनोट भई आउनेछन् ।

संयोजक - १ जना

सह संयोजक - १ जना

सचिव - १ जना

सह सचिव - १ जना

कोषाध्यक्ष - १ जना

सदस्य - २ देखि ४ जना

सरक्षक वा सल्लाहकार समितिमा गाउँपालिका अध्यक्ष वा उपाध्यक्ष वा गाउँ कार्यपालिका र कृषि तथा पशुसेवा शाखा रहनेछन् ।

ख. समितिले सम्बन्धित क्षेत्रको विशेषज्ञ तथा अन्य व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

ग. गाउँपालिका स्तरीय कृषि सञ्जालमा कम्तिमा ३३ प्रतिशत महिला सदस्य नपुगेको अवस्थामा वडा स्तरीय कृषि सञ्जाल मार्फत थप महिला सदस्यहरु मनोनयन गरि पठाउन सक्नेछ ।

घ.सञ्जाल गठन तथा क्षमता अभिबृद्धिको लागि गाउँपालिका को कृषि तथा पशु सेवा शाखाले सहजिकरण गर्नेछ

ङ. गाउँपालिका स्तरीय कृषि सन्जाल गठन गर्दा माथि उल्लेखित नौ जना सदस्यहरु मध्ये सर्वसम्मतबाट संयोजक, सहसंयोजक, कोषाध्यक्ष, सचिव, सहसचिव तथा सदस्यहरु चयन हुनेछन् । यदि सर्वसम्मतबाट नभएमा उल्लेखित नौ जना सदस्यहरु मध्येबाट बहुमतिय प्रणालीबाट गाउँपालिका कृषि सन्जाल गठन हुनेछ ।

१५) गाउँपालिका स्तरीय कृषि सञ्जाल कार्य समितिको काम, कर्तव्य र अधिकार :

- गाउँपालिका लाई कृषि क्षेत्रको नीति रुपमा सुझाव दिने ।
- पचालझरना गाउँपालिका को नीति तथा कार्यक्रम अनुसारको क्रियाकलापमा सहकार्य गर्ने ।
- वडा स्तरीय कृषि सञ्जालबाट संकलन भएका मागहरुको विश्लेषण गरि महत्वपूर्ण कार्यको प्राथमिकता तोकि गाँउपालिका मा आवश्यक पहलको लागि सिफारीस गर्ने ।
- गाउँपालिका को कृषि कार्यक्रम छनौटमा सहयोग गर्ने वा सिफारीस गर्ने ।
- गाउँपालिका बाट कृषिसंग सम्बन्धित कार्यहरु तोकेमा जिम्मेबारी साथ कार्य सम्पन्न गर्ने ।
- गाउँपालिका बाट संचालित कृषि कार्यक्रमको अनुगमन गरी/गराई भुक्तानीको लागि कार्यालयमा सिफारीस गर्ने ।
- गाउँपालिका भित्र कृषि विकास तथा प्रबर्धनको लागि आवश्यक पर्ने कार्यक्रमको लागि सम्बन्धित निकायहरुसंग समन्वय गर्ने ।
- वडा स्तरबाट प्राप्त सूचना तथा तथ्याङ्कको आधारमा गाउँको खाद्य सुरक्षा अवस्था विश्लेषण गर्ने ।

१६) वडा स्तरीय कृषि सञ्जाल बैठक :

समिति गठन पश्चात मासिक रुपमा बैठक बस्नेछ साथै वडा स्तरीय कृषि सञ्जालका संयोजकको अनुरोधमा आवश्यक अनुसार बैठक बस्न सक्नेछ ।

१७) गाउँपालिका स्तरीय कृषि सञ्जाल बैठक :

गाउँपालिका स्तरीय कृषि सञ्जालको बैठक वर्षमा कम्तिमा तीन पटक बस्नेछ। आवश्यकता अनुसार गाउँपालिका स्तरीय कृषि सञ्जालको आवहानमा बस्न सक्नेछ।

१८) सञ्जाल कार्यसमिति दर्ता :

- सञ्जालको विधान तयार गरी वडा स्तरी कृषि सञ्जाल गाँउपालिका कृषि शाखामा दर्ता गर्ने र प्रमाण-पत्र उपलब्ध गराउनुको साथै सोको जानकारी सम्बन्धि वडा कार्यालयमा दिनुपर्नेछ
- गा.पा. स्तरिय कृषि सन्जाल दर्ता पचालझरना गाउँपालिका को कार्यालयमा गरिनेछ।

१९) सञ्जालको कार्य समितिको अवधि :

वडा र गाउँपालिका स्तरीय कृषि सञ्जाल कार्य समितिको अवधि २ वर्षको हुनेछ। २ वर्ष प्रश्चात नयाँ कार्य समिति गठन गरिनेछ।

२०) नियमित कृषि कार्यक्रममा बाधा नहुने :

गाउँपालिका बाट सन्चालित नियमित कृषि तथा पशु कार्यक्रम सन्चालनमा कृषि सन्जालका कारणले मात्र कार्यक्रम संचालनमा बाधा हुने छैन।

२१) कार्यविधि संसोधन :

आवश्यकता अनुसार गाँउ कार्यपालिकाबाट कार्य विधि संसोधन गर्न सकिनेछ।

२२) मान्य हुनेछ :

यो कार्य विधि स्वीकृत हुनु पूर्व पचालझरना गाउँपालिका का विभिन्न वडाहरुमा गठन भइ सकेका वडा स्तरिय कृषि सन्जालहरु यसै कार्य विधि अनुसार गठन भएको मानिने छ।

२३) आर्थिक पक्ष :

गाउँपालिका मार्फत वडा स्तरीय तथा गाउँपालिका स्तरीय कृषक सञ्जाल बैठक तयारी तथा सञ्चालन गर्दा देहाय बमोजिमका कृयाकलापमा देहाय बमोजिमको खर्च गर्न सकिनेछ तर आवश्यकता अनुसार अधिकतम खर्च गर्न सकिने रकम नवढ्ने गरी जुनसुकै शिर्षकमा उक्त रकम खर्च गर्न सकिनेछ।

क.स.	क्रयाकलापको विवरण	अधिकतम खर्च	कैफियत
१	तयारी खर्च		
२	बैठक संचालन तथा स्टेशनरी खर्च		
३	अनुगमन खर्च		
४	भैपरी खर्च		
	जम्मा		

अनुसूची तथा प्रमाण-पत्र छपाई कार्यको लागि गाँउपालिका कृषि शाखा वा पशु शाखाले आवश्यक व्यवस्था गर्नुपर्नेछ।

अनुसूची -१

साधारण सदस्यतको निवेदन नमूना

मिति:२०८३/ /

श्री संयोजक ज्यू

वडा स्तरीय कृषि सञ्जाल

.............नं.वडा कार्यालय..........

पचालझरना गाउँपालिका, कालिकोट

विषय: कृषि सञ्जालको साधारण सदस्यता पाउँ ।

महोदय,

उपरोक्त सम्बन्धमा म/हामी कृषि सञ्जाल कार्यान्वयन कार्यविधि २०८३ अनुसार सञ्जालको साधारण सदस्यको रुपमा रही कृषि कार्य गर्न इच्छुक रहेकोले तपशिल विवरण खुलाई निवेदन दिएको छु/छौ ।

तपशिल,

१. साधारण सदस्यको प्रकार(चिन्न लगाउनु होस)

क) व्यक्ति साधारण सदस्य ख) संस्था साधारण सदस्य

२. उपलब्ध गराईइएको दस्तुर रु............(वडा स्तरीय कार्य सञ्जालमा बाझाउने)

३.व्यक्ति साधारण सदस्यले उल्लेख गर्ने :

जम्मा परिवार संख्या..................महिला........पुरुष...........शैक्षिक योग्यता..........

१८ वर्ष भन्दा मुनीको................१८ वर्ष भन्दा माथिको...........घर मुलीको मुख्य पेशा ....

४.परिवारको नाममा रहेको जमिन क्षेत्रफल

क्र.स.	खेत		भाडामा लिएको जग्गा	जम्मा जग्गा	सिंचित जग्गा	असिंचित जग्गा	कैफियत

५. साल भरी गदै आएको मुख्य व्यवसाय : -कृषि, पशुपालन, कृषि बजारीकरण, व्यवसाय, सेवा प्रदायक, कृषि सामाग्री उत्पादक, प्लाष्टिक घर विवरण समेत)

सि.न.	व्यवसायको नाम	हालको अवस्था, क्षेत्रफल, संख्या,साइज खुलाउने	वार्षिक लगानी रु.	वर्षिक आम्दानी रु.	सहयोगी संस्था

६. संस्थागत साधारण सदस्यले भर्ने :

सस्थामा आवद्ध घरपरिवार परिवार सख्या .... महिला .... पुरुष ....

निवेदकको नाम :

ठेगाना :

टोल :

सर्म्पक न. :

अनुसूची -२

(साधारण सदस्यलाई उपलब्ध गराउने प्रमाण-पत्रको ढाँचा)

पचालझरना गाउँपालिका

कृषि शाखा

कृषि सञ्जालको साधारण सदस्यताको

प्रमाण-पत्र

दर्ता नं.

“पचालझरना गाउँपालिका कृषि सञ्जाल कार्यान्वयन कार्यविधि २०८३” अनुसार तपाई श्री....................लाई ....नं वडाको व्यक्ति/संस्था सदस्यताको यो प्रमाण-पत्र उपलब्त्र गराईएको छ ।

मिति : २०८३/ /

....

संयोजक

वडा स्तरीय कृषि सञ्जाल

(नोट.यो प्रमाण-पत्र प्रत्येक २ वर्षमा नविकरण गर्नुपर्नेछ ।)

नविकरण

नविकरण मिति	म्याद पुग्ने मिति	रसिद नं. र नविरण शुल्क	नविरण गर्ने अधिकारीको नाम र पद	हस्ताक्षर	कार्यालयको छाप

अनुसूची -३

वडा/गाउँ कार्य सञ्जालमा रहेर सहयोग पुऱ्याउने चाहने सञ्जाल सदस्यले भर्नुपर्ने सूचक पत्र

नामः

उमेरः

ठेगानाः

संस्थागत सदस्य भए संस्थको नामः

संस्थाको ठेगानाः

त्लका विवरणमा उल्लेख गनु होस ।

१. कृषि सञ्जालको व्यक्तिगत साधारण सदस्यता : छ छैन

२. संस्थागत सदस्यताको लागि संस्थको मंजुरी पत्र : छ छैन

३. पारिश्रमिक नहुने यस कार्यसमितिमा निःस्वार्थ स्वयसेवी भावनाले कार्य सञ्जालमा बसी सेवा गर्न मन : छ छै

४. हाल खेती गर्दै आएको

- कुल जमिन :
- कृषि उत्पादन :
- पशु वा पंक्षी पालन :
- बार्षिक लगानी रु :
- कुल आम्दानी

५.वडा भित्र रहेका कृषि खेती योग्य जमिन र पशुपंक्षी पालनको बारेमा कतिको जानकारी हुनुहुन्छ ?

क) राम्ररी थाहा छ । ख) अलि अलि थाहा छ । ग) जानकारी छैन ।

६. तपाईले नगरपालिका भित्र रहेका कुनै सार्वजनिक निकायलाई तिर्नुपर्ने दस्तुर बाँकी छ वा छैन ?

(घर, जग्गा, कर, मालपोत, विद्युत, खानेपानी, टेलिफोन आदी)

अनुसूची -४

वडा स्तरिय कृषि सन्जाल कार्य समितिको लागि नमुना प्रमाण-पत्र

पचालझरना गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

कृषि विकास शाखा

वडा कृषि सन्जाल दर्ता प्रमाण-पत्र

दर्ता न. मिति :

यस पचालझरना गाउँपालिका अन्तर्गत "कृषि सन्जाल कार्यान्वयन कार्यविधि २०८३" अनुसार वडा न. .... को .... पदाधिकारीहरु रहेको वडा स्तरिय कृषि सन्जाल कार्य समितिमा आ.व. .... देखि आ.व. ....सम्म (२ वर्ष कार्यकालको लागि) कार्य विधिमा उल्लेख भए अनुसार कार्य समिति सन्चालन गर्नुहुन यो प्रमाण-पत्र उपलब्ध गराएको छ ।

....

कृषि शाखा प्रमुख प्रमुख प्रशासकिय अधिकृत

अनुसूची -५

गाउँपालिका स्तरिय कृषि सन्जालको लागि नमुना प्रमाण-पत्र

पचालझरना गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

कृषि विकास शाखा

कृषि सन्जाल दर्ता प्रमाण-पत्र

दर्ता न. मिति :

यस पाचलझरना गाउँपालिका अन्तर्गत "कृषि सन्जाल कार्यान्वयन कार्यविधि २०८३" अनुसार............ सदस्यीय पदाधिकारी रहेको गाँउपालिका स्तरिय कृषि सन्जाल कार्य समितिमा आ.व. .... देखि आ.व. ....सम्म (२ वर्ष कार्यकालको लागि) कार्य विधि अनुसार कार्य समिति सन्चालन गर्नुहुन यो प्रमाण-पत्र उपलब्ध गराएको छ ।

....

कृषि शाखा प्रमुख प्रमुख प्रशासकिय अधिकतृ